नेपाल राष्ट्र बैंक

जनकपुर कार्यालय

# सामान लिलाम सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०९)

यस कार्यालयको देहाय बमोजिमका शीर्षक अन्तर्गतका सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्महरुबाट बोलपत्र खरिद गरी १६ औं दिन दिउँसो १२ बजेभित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) देहायको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**विवरण:**

| समुह | लिलाम हुने मालसमान | न्यूनतम मूल्य रु.(मू.अ.कर समेत) |
|---|---|---|
| क | कम्प्युटर एण्ड एक्सेसरिज | ७,३००।- |
| ख | कार्यालय उपकरण | ७,५००।- |
| ग | मेशिनरी उपकरण (जेनेरेटर सहित) | ९५,२००।- |
| घ | फर्निचर तथा फिक्स्चर्स (ए सी सहित) | १,००,०००।- |
| ङ | अन्य फूटकर सम्पत्ति | ३६,२६०।- |
| | कुल न्युनतम मुल्य | २,४६,२६०।- |
| | **अक्षरेपी रु. दुई लाख छयालिस हजार दुई सय साठी मात्र ।** | |

१. लिलाम सिलबन्दी बोलपत्र मिति २०८१ पुस २४ गते दिनको २:०० बजे (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन) यस कार्यालयमा खोलिनेछ ।

२. बोलपत्रका साथ कबोल गरेको रकमको पाँच प्रतिशत (५%) ले हुन आउने रकम यस कार्यालयको सण्ड्री क्रेडिटर्स हिसाब नं. १६०९९९९-०११-००१-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्नेछ ।

३. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिनभित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापतको रकम जफत गरिनेछ ।

४. बोलपत्र फाराम रु.५००।- (फिर्ता नहुने गरी) यस बैंकको ना. नो. आ. हि. खाता नं. १६००००० -०३०-०१२-५२४ बुझाई मिति २०८१ पुस २३ गते दिनको ३ बजेसम्म यस कार्यालयको आन्तरिक प्रशासन फाँटबाट लिन सकिनेछ ।

५. लिलाम हुने सामानहरुको विवरण तथा सोको न्यूनतम मूल्य यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । लिलाम हुने सामान हेर्न/बुझ्न चाहेमा कार्यालय समयमा कार्यालयको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिनेछ ।

६. लिलाममा भाग लिने ईच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र ईच्छुक फर्म वा कम्पनीले आफ्नो ईजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरेको), स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

७. बोलपत्र सम्बन्धी यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

८. बोलपत्र दाताले प्रत्येक समुहमा बोलकबोल पेश गर्नुपर्नेछ । प्रत्येक समुहमा न्यूनतम मूल्यांकन लिलाम मूल्य भन्दा बढी रकम तथा कूलमा सबैभन्दा बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत गरीनेछ।

९. बोलपत्र सम्बन्धी अन्य शर्तहरु नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६५ (प्रथम संशोधन, २०७४) को अनुसूची - ५ (ख) मा उल्लेख गरे बमोजिम हुनेछ ।